# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०६।३० गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कैलाली, चुरे गा.पा. ३ साविकको निगाली गा.वि.स. वडा नं. १ स्थित गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष र सचिवसमेतको मिलेमतोमा पदाधिकारीहरुलाई कुनै जानकारी नदिई आ.व. २०७२/०७३ र २०७३/०७४ मा खर्च गरेको रकम साधारणसभाबाट अनुमोदन नगराई सरकारी रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला कैलाली, चुरे गा.पा. ३ साविकको निगाली गा.वि.स. वडा नं. १ स्थित गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष मनिराम आचार्यले गुप्तपानी सामुदायिक वनबाट भएको आम्दानी रकम बदि्नयतपूर्वक बिना विल भरपाई खर्च गरेको देखाई सक्कल विल भरपाई नभएको नक्कली फोटोकपी विल भरपाईहरु राखी सामुदायिक वनको रकम खाईमासी गर्ने उद्देश्यले रकम हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.२५,२४,३४६।- (पच्चीस लाख चौबीस हजार तीन सय छयालीस रुपैया) कायम गरी ऐ.ऐ. दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिवाना र ऐ.ऐ. दफा ३ को उपदफा(१) को खण्ड (छ) बमोजिम कैद सजाय हुन तथा दफा १७ बमोजिम हानिनोक्सानी गरेको बिगो निजबाट असुलउपर हुन समेतको मागदाबी लिइएको छ ।

गुप्तपानी सामुदायिक वनका तत्कालीन **सचिव हिक्मत सिंह भाट र कोषाध्यक्ष पृथ्वीराज बिष्टले** सामुदायिक वनको रकम खर्च गर्नको लागि सामुदायिक वन उपभोक्ता समितिको निर्णय एवं कार्ययोजना नै पास नभएको आवस्थामा उपभोक्ता समितिको चेकमा हस्ताक्षर गरी सोही उपभोक्ता समितिका अध्यक्ष मनिराम आचार्यलाई दिने एवं औचित्य एवं विना विल भरपाई रकम खाईमासी गर्ने कार्यमा सहयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज सचिव हिक्मत सिंह भाट र कोषाध्यक्ष पृथ्वीराज बिष्टलाई बिगो रकम रु.१८,३८,३७२।११ (अठार लाख अठतीस हजार तीन सय बहत्तर रुपैया एघार पैसा मात्र) कायम गरी ऐ.ऐ. दफा १७ मा उल्लेख भए अनुसार ऐ.ऐनको दफा ३(१) र दफा ३(१)(च) बमोजिम हुने सजायमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम मुख्य प्रतिवादी मनिराम आचार्य सरह सजाय हुन मागदाबी लिइएको छ ।

साथै, अडिटर **गौरी प्रसाद नाथ**ले बदि्नयतपूर्वक भए गरेका कुरा लुकाईछिपाई नभएको कुरा उल्लेख गरी अडिट प्रतिवेदन पेश गरी गुप्तपानी सामुदायिक वन उपभोक्ता समुहको रकम हिनामिना गर्नमा सहयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा निज अडिटर गौरी प्रसाद नाथउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिम कैद तथा जरिवानाको सजाय हुन समेतको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५(१) एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी